# जलेश्वर सामुदायिक वन र मेरो रुपान्तरण

**बास्मती पासवान**

तराईको जीवन सरसरती हेर्दा पहाडको भन्दा सजिलो लागे पनि खासमा धेरै जटिल छ । अझ तराईका गरिबको जीवन त पहाडको तुलनामा अत्यन्त भयावह र जटिल छ । हामी यसै त दोस्रो दर्जाको नागरिकमा गनिन्छौं । त्यसमा पनि मधेशी दलितको अवस्था कस्तो होला ? र अझै मधेशी दलित स्वास्नी मान्छेको अवस्था कस्तो होला ?

पहाडका दलित धेरै सुकुम्वासी छैनन् तर तराईका दलित प्रायः जसो सुकुम्वासी छन् । सुकुम्वासीले लालपूर्जा पाउँदैन, लालपूर्जा नपाए नागरिकता बन्दैन । त्यसै गरेर तराईका दलितको अर्को समस्या भाषाको हो । तराईका दलितलाई नेपानी बोल्न आउदैन तर अड्डा, अदालत, विकासका काम गर्ने संस्थामा सबैले नेपालीमा बोल्छन्, लेख्छन् । अब यस स्थितिमा कसरी तराईका मानिसहरूले नेपाली बोल्छन्, लेख्छन्, बुझ्छन्, सम्झन्छन् र प्रश्न गर्छन् ? त्यसमा पनि विद्यमान सामाजिक संरचना भित्र पिल्सिएका महिलाको अवस्था स्वभावतः भयावह छ र अझ त्यसमा पनि दलित महिलाको अवस्था त झन् नाजुक छ । तराईका मधेशीहरूमा धर्मको आडमा हुने कुरीतिहरूले अझै जरा गाडेर बसेका छन् । महिलाहरू सारीको पल्लु काड्छन्, अरु पुरुषलाई सिधा आँखाले हेर्दैनन्, धेरै पूजा-आजा गर्छन ब्रत बस्छन् । फेरि अर्को कुरा तराईमा बोक्सी, दहेज जस्ता कू-प्रथाहरू व्याप्त छन् ।

अधिकांश तराईका महिलाहरू बिहान तीन बजेबाट आफ्नो काम सुरु गर्छन् र राती काम नसकुन्जेल खटि रहन्छन् । पहाडको तुलनामा मधेशी महिलाहरूलाई धेरै काम गर्नु पर्छ । यसरी सरसरती हेर्दा मधेशी दलित महिलाहरू मधेशी हुनुको पीडाबोध, पुरुष प्रधान समाजद्वारा शोषित हुनु पर्ने विवसता, दलित हुनुको पीडाबोध र दलित महिला हुनुको पीडाबोधबाट गुज्रिरहेका छन् र म पनि एउटा त्यस्तै दलित महिला हुँ । म निकै गरिब परिवारकी छोरी हुँ, त्यसै गरी मेरो घरको पारिवारिक अवस्था पनि ज्यादै गरिब छ । श्रीमान्ले अर्काको खेत नजोते, मैले पनि साहु (जमिन्दार) को घरमा काम नगरे वा मजदुरी नगरे हाम्रो घरमा ताउलोमा माड पाक्दैन । गरिबीको भिषण मार खप्दा खप्दा त अब वानी नै परि सक्यो । मीठो खाना कस्तो होला ? म खाली कल्पना मात्र गर्न सक्छु । मलाई सामुदायिक वनमा (सा.व.)  आवद्ध नहुदाँ सम्म म जस्तो गरिब र दुःखी कोही छैन जस्तो लाग्थ्यो तर अब त म जस्ता धेरै गरिब दुःखी देख्दा धेरैको यस्तो हो थोरैको मात्र राम्रो हो भन्ने थाहा पाएँ ।

थोरै किन धनी भए भनेर पहिले मैले सोच्दा भगवानको खेल सम्झन्थे, गरिब हुनुमा आफ्नै कर्मलाई दोष दिन्थे जब देखि म सा.व.मा आवद्ध भए त्यसपछि मलाई धनी कसरी धनी बन्छन् भन्ने खेल थाहा भयो । वनको काठ धनीको, दाउरा धनीको, गाई भैंसी उनका धेरै छन् वनको घाँस पनि उनको, गरिबसँग पैसा छैन पैसा नभए काठ पनि छैन, दाउरा पनि छैन, गोल पनि छैन । मैले आफ्नो साहुलाई सम्झन्थे उनी कसरी धनी भए र हामी कसरी गरिब भयौं । व्याजको स्याज, स्याजको फेरि व्याज तिर्दा तिर्दा साहुले हामीलाई डुवाएको कुरा थाहा पाएँ । अनि म सोच्न थाले ए धनी हुने खेल त यस्तो पो रहेछ । सा.व.मा हुने तालिम, गोष्ठीहरूले मलाई त्यस्ता कुराहरू बुझ्न सजिलो बनायो । अब त मैले बुझि सकें धर्मको सहारा सामन्त, शोषकहरूले लिँदा रहेछन् र त्यसैको आडमा गरिबलाई सोस्दा रहेछन् । यो सबै कुरा थाहा पाएपछि मैले पहिलो पटक साहुको कुरा मानिन । मलाई थुप्रै यातना दिइयो तर मैले मानिन, म जस्ता थुप्रै अरु गरिब महिलाहरूलाई वनको भेला हुँदा, टोल मिटिङ हुँदा

यस्ता कुराहरूमा व्यापक छलफल गराएँ । अब त हाम्रो सामुदायिक वन भित्र सुकुम्बासीले पनि जग्गा पाउन पर्छ भन्ने कुरा हामीले उठाउन थालि सक्यौ, यो सबै सिकाइ सामुदायिक वनको देन हो ।

अहिले म एक अक्षर नपढेको मानिस जलेश्वर सामुदायिक वनको सचिव भएर काम गर्दैछु । मलाई काम गर्न सक्ने बनाएको सामुदायिक वन भित्र हुने विभिन्न क्रियाकलापहरूले हो । म मधेशी स्वास्नी मान्छे त्यसमा पनि दलित वर्गकी हुँदा विभिन्न अवलोकन भ्रमणमा जाँदा सिकेका कुराहरू मैले निर्धक्कसँग सिकाउन सक्छु । सभा, भेला मिटिङमा पनि म मेरा कुराहरू निर्धक्क राख्न सक्छु । भाषाको कठिनाई भएता पनि धेरै पटकका अवलोकन भ्रमणहरूले मलाई हाम्रो भाषा नबुझ्ने पहाडिया सा.व.हरूमा पनि आफ्नो कुरा कनिकुथी बुझाउन सक्ने भएको छु ।

हिजोआज गाँउमा कुनै झगडा पर्दा अरु भद्र भलादमीलाई बोलाए जस्तै मलाई पनि बोलाउन सुरु गरेका छन् तर पनि अझै स्वास्नी मान्छे त हो भन्ने कुरा गर्छन् । म आफ्नो कुरा राख्न त राख्छु तर सा.व.मा पनि पुरुषहरू धेरै छन् त्यसैले उनीहरूले आफ्नो पक्षमा निर्णय गराइ हाल्छन् तर एउटा पनि महिला नहुने ठाउँमा, सचिव हुनु खुसीकै कुरा हो ।

दलित आन्दोलनको कुरा गर्दा हाम्रोमा त्यति साह्रो राजनैतिक संचेतना अझै आइ सकेको छैन तर पनि मन्दिर पस्ने, बोक्सी प्रथा उन्मूलन गर्ने, लोकतन्त्रको आन्दोलनमा फेकोफनसँग सहभागीता जनाउने जस्ता कुराहरूमा हाम्रो सामुदायिक वन अगाडि छ । हामीले गर्नु पर्ने कुरा धेरै छन्, शिक्षा, स्वास्थ्य जस्ता कुराहरूमा पनि विस्तारै अब लाग्ने विचार गरेका छौं । मेरै पहलमा अरु विकास गर्ने संस्थासित मिलेर सँगै सा.व.मै आधारित भएर अरु क्रियाकलाप गर्ने सोंच छ ।

सा.व.को गठनसँगसँगै यसले सिकाएका सिकाइहरूलाई संस्थागत गर्दै यहाँसम्म आइयो । अब गरिबको पक्षमा, दलितको पक्षमा, स्वास्नी मान्छेको पक्षमा सा.व.लाई विकास गर्न पाए साच्चै कति राम्रो हुने थियो होला ? भोलि जन्मने छोरीहरूले गर्वसाथ हाम्री आमाहरूले बनाएको हाम्रो सामुदायिक वन भन्ने थिए होला ।

(बास्मती देवी पासवान जलेश्वर सा.व महोत्तरीसँग आवद्ध हुनुहुन्छ ।)